म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २७२ सोमबार ३१ बैशाख २०८१ ने. सं. ११४४ बछलाथ्व 13 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मुखको स्वास्थ्यमा ध्यान दिऔं**

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा:
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

*नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

२०८१ सीप विकास वर्ष घोषणा

# प्रदेश युवा सम्मेलन: युवाको जनसांख्यिक लाभ लिन सरकारलाई सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, ३० वैशाख/ युवाको साझासवालको सम्बोधनका लागि युवामा लगानी प्रवर्द्धन गर्नुपर्ने मागसहित १३ बुँदे घोषणापत्र जारी गर्दै प्रदेश युवा सम्मेलन सकिएको छ ।

बागमती प्रदेशका सबै स्थानीय तहको योजना, नीति, कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयनमा युवाको अर्थपूर्ण र प्रभावकारी सहभागितामार्फत् युवामैत्री स्थानीय तहको प्रवर्द्धन गर्नुपर्ने माग पनि सम्मेलनले गरेको छ । सम्मेलनपछि जारी घोषणापत्रमा युवाका सवालमा बागमती प्रदेशसँग सम्वन्धित विशेष अध्ययन, अनुसन्धान तथा तथ्यांक अद्यावधिक तथा सार्वजनिक सेवामा डिजिटल गभर्नेन्सको अभ्यासमार्फत् युवाको पहुँच विकासको माग गरिएको छ ।

बागमतीमा सबल, सक्षम, सशक्त र सीपयुक्त युवा तयार गर्ने सोचसहितको अभियानलाई प्रभावकारी कार्यान्वयन गर्ने स्पष्ट लक्ष्य तथा कार्ययोजना तय गरिएको घोषणापत्रमा दाबी गरिएको छ । प्रदेशभरका पाँच हजार जनालाई सीप सिकाउने लक्ष्यसहित परिषद् हेटौंडाले आइतबार यस वर्षलाई सीप विकास वर्ष घोषणा गरेको हो ।

१३ बुँदे घोषणापत्र जारी गर्दै परिषद्का उपाध्यक्ष सन्तोष चौलागाईंले सीप विकास वर्ष घोषणा गरेका हुन् । घोषणापत्रमा नेपालमा जनसांख्यिक लाभका रुपमा युवाको वर्तमान जनसंख्या देश समृद्ध बनाउने उपयुक्त अवसरका लागि उपयोग गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । 'जनसांख्यिक लाभलाई देशको समृद्धिको आधार बनाउनै पर्दछ,' घोषणापत्रमा भनिएको छ ।




युवाका लागि सूचना प्रविधीमा पहुँच, क्षमता विकास, सीप विकास, युवाले नेतृत्व गरेका संस्थाको संस्थागत सवलीकरण, संजालीकरण र युवाका साझासवालको सम्बोधन लगायत सवालमा परिषद् तथा जिल्ला युवा समिति र स्थानीय तहको समेत थप क्रियाशील बनाउन माग गरिएको छ । बागमती प्रदेश युवा परिषद् ऐन २०७६, नियमावली २०७७, प्रदेश युवा नीति २०७९ को प्रभावकारी कार्यान्वयन गर्दै बागमती प्रदेशका युवाको चाहना र आवश्यकताको सम्वोधन गरिनुपर्ने, कला, संस्कृत्ति, पुरातत्व र ऐतिहासिक तथा प्राकृत्तिक क्षेत्रको पहिचान, अभिलेखीकरण, संरक्षण र प्रवर्द्धनमा युवाको सहभागिता सुनिश्चित गर्न माग गरिएको छ ।

परिषद्ले संचालन गरि रहेको युवाको सीप विकास तथा सीप परीक्षणलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्दै प्रदेशका सबै युवामाझ पुर्‍याउनु पर्ने, युवामा रोजगारी, स्वरोजगारी र उद्यमशीलता प्रवर्द्धनका लागि प्रदेश सरकारले गरेको सीप विकास वर्ष २०८१ घोषणाको निर्णयलाई परिषद्को नेतृत्वमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने माग गरिएको छ ।

विश्वमा बढ्दै गईरहेको सामाजिक तथा मानवीय जटिलता, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी सन् २०३० सम्ममा पुरा गर्नका लागि तय गरिएका दिगो विकासका लक्ष्यको कार्यान्वयन, आर्थिक, सामाजिक, वातावरणीय पक्षको सहनयोग्य, संभाव्य र दिगो विकासका लक्ष्यको स्थानीयकरण र कार्यान्वयन गर्नुपर्ने दायित्व युवामा रहेको बताइएको छ ।

नेपालले युवा जनसांखीयक लाभबाट फाइदा लिन युवामा लगानी अभिवृद्धि गर्दै देशको समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्ने लक्ष्यप्रति थप प्रतिवद्ध रहदै, युवामैत्री नीति निर्माण, विद्यमान नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन र युवा लक्षित यथेष्ट स्रोतसाधन र लगानीका लागि सामूहिक आवाजलाई थप बुलन्द गर्दै, युवालाई सक्षम, जिम्मेवार, ज्ञान र सीपयुक्त वनाउन बागमती प्रदेशका साथै सिंगो देशको समग्र विकासको नेतृत्वमा युवालाई स्थापित गर्न उत्प्रेरित गर्ने उद्देश्यका युवा सम्मेलनले घोषणापत्र जारी गरेको हो ।

संघीय तथा प्रदेश सरकारका आवधिक योजना, युवासँग सम्बन्धित नीतिगत व्यवस्थाको कार्यान्वयनमा परिषद्ले प्रदेशमा नेतृत्वदायी उपस्थितिसहित महत्वपूर्ण भूमिका खेल्नुपर्ने औंल्याइएको छ । यसका लागि आवश्यक स्रोतसाधनको सुनिश्चिता हुनुपर्ने, परिषद्लाई थप स्रोतसाधनसम्पन्न बनाउदै युवाका साझासवालको सम्बोधनका लागि परिषद्को नेतृत्वदायी भूमिकालाई थप प्रवर्द्धन गर्नुपर्ने माग गरिएको छ ।

स्थानीय तहको सहभागितात्मक योजना निर्माण र कार्यान्वयनमा युवाको सृजनशील सहभागिता प्रवर्द्धन गर्नुपर्ने, विभिन्न तहका नीतिगत निर्णय र सोको प्रभावकारी कार्यान्वयनमा युवाको राजनीतिक तथा सामाजिक निर्णायक उपस्थिति हुनुपर्ने, युवामा सचेतना, शिक्षा, सृजनाशीलता र सहभागिताको प्रवर्द्धन गर्नुपर्ने माग सम्मेलनको छ । युवालाई देशमै संभावनाको खोजी र युवाका लागि अवसरको पहिचान तथा प्रवर्द्धनमा सहजीकरण आवश्यक छ । विदेशमा कमाएको ज्ञान, सीप, अनुभव र पूँजीलाई नेपालमा लगानी गर्नका लागि आवश्यक नीतिगत सम्वोधन र प्रभावकारी कार्यान्वयन गर्न माग गरिएको छ ।

जलवायु परिवर्तनका नकारात्मक असर, विपद् रोकथाम तथा व्यवस्थापन र वातावरण संरक्षणमा युवाको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी युवाको नेतृत्वमा जलवायु अनुकूलन, विपद् व्यवस्थापन र वातावरणीय न्यायको प्रवर्द्धन गर्नुपर्ने, युवालाई प्राविधिक, गुणस्तरीय, व्यवहारिक र जीवन उपयोगी शिक्षा, सक्षमता, जिम्मेवारीपन, ज्ञान र सीपयुक्त वनाउदै समग्र विकासमा युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गर्न माग गरिएको छ ।

युवाका उत्पादनको ब्राण्डिङ्ग, बजारीकरण र युवालाई उत्पादनमा जोड्नका लागि नवप्रवर्तनसँग सम्वन्धित विशेष नीतिगत व्यवस्था तय गर्दै भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न, नेपालमा जनसांख्यिक लाभका रुपमा रहेका युवाको वर्तमान जनसंख्या देश समृद्ध बनाउने उपयुक्त अवसर र प्रभावकारी संभावनाको खोजी गरिनु पर्दछ भनिएको छ ।

सम्मेलनमा शिक्षामा कहाँ छ समस्या ?, नीति, राजनीति र समृद्धि, डिजिटल साक्षरता: प्रविधि, अवसर र सम्भावना, नवप्रवर्तन र उद्यमशीलता: नीति र निरन्तरता, विदेशमा आर्जित ज्ञान र सीप देशमा लगानीको सम्भावनाका विषयमा अन्तरक्रिया भएको थियो । सम्मेलनमा प्रदेशका १३ जिल्लाका ११९ पालिकामध्ये ९१ पालिकाबाट १६ वर्षदेखि ३० वर्ष उमेर समूहका २०० बढी युवाको सहभागिता रहेको परिषद्ले जनाएको छ ।

# प्रदेशसभाको बजेट अधिवेशन सोमबारबाट

साझाकुरा संवाददाता

हेटौंडा, ३० वैशाख/ बागमती प्रदेशसभाको अधिवेशन सोमबारका लागि आह्वान गरिएको छ । बजेट अधिवेशनको रुपमा रहेको प्रदेशसभाको अधिवेशन बागमती प्रदेश सरकारको सिफारिशमा बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले आह्वान गरेका थिए ।

प्रदेशप्रमुखको कार्यालयका सूचना अधिकारी प्रकाश चापागाईंले प्रदेशप्रमुखको कार्यालयबाट प्रदेशसभाको अधिवशेन यही वैशाख ३१ गते दिउँसो १ बजे बस्ने गरी प्रदेशसभाको अधिवेशन आह्वान गरेको पत्र प्रदेशसभा सचिवालयमा पठाएको जानकारी दिए ।

प्रदेश सरकारको मन्त्रिपरिषद्को सिफारिशमा प्रदेशसभाको बैठक प्रदेशप्रमुखले आह्वान र अन्त्य गर्ने संविधानमा व्यवस्था छ । यसअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले बजेट अधिवेशन रुपमा रहने प्रदेशसभाको अधिवशेन वैशाख ३१ गतेका लागि आह्वान गर्न बागमती प्रदेशका प्रदेशप्रमुख समक्ष सिफारिश गर्ने निर्णय गरेको थियो ।

यसैबीच बागमती प्रदेशसभा कार्यव्यवस्था परामर्श समितिको बैठक आइतबार प्रदेशसभा सचिवालयममा बसेको छ । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले दिउँसो १ बजेका लागि प्रदेशसभा कार्यव्यवस्था परामर्श समितिको बैठक बोलाएका थिए । प्रदेशसभा कार्यव्यवस्था परामर्श समितिको बैठकमा सोमबारबाट सुरु हुने प्रदेशसभाको अधिवेशनको कार्यसूची तय गरेको छ ।

बागमती प्रदेशसभाको आइतबार बसेको कार्यपरामर्श समितिको बैठकले बिभिन्न निर्णय गरेको छ । सभामुख पाठकले कार्यपरामर्श ब्यवस्थापन समितिको बैठकले जेठ १ गते बस्ने बैठकले प्रदेश सरकारले प्रस्तुत गर्ने आर्थिक वर्ष २०८१/८२ को बजेटको सैद्धान्तिक पक्ष र योजनाको प्राथमिकतामाथि छलफल गर्ने सहमति भएको बताए । सभामुख पाठकले भोलि बैशाख ३१ गते बस्ने प्रदेशसभा बैठकमा प्रदेश सरकारबाट प्रस्तुत हुने प्रदेशको उच्चशिक्षा ऐन २०७८ लाई संशोधन गर्न बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने बिधेयक पेश हुने जानकारी दिए ।

प्रदेशसभाअन्तर्गत रहेको बिभिन्न ५ वटा बिषयगत समितिको सभापति चयनको प्रक्रिया सोही बैठकले आगामी जेठ ३ गते समितिका सभापतिको उमेद्वारी दर्ता गर्न समय निर्धारण गर्ने निर्णय भएको बताइएको छ । सर्बसम्मत निर्णय हुन नसकेको खण्डमा जेठ ५ गते निर्वाचनको प्रक्रिया सुरु गर्ने कार्यसूची रहेको सभामुख पाठकले बताए ।

कार्यपरामर्श समितिको बैठकमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ वटै राजनीतिक दलको प्रतिनिधिको सहभागिता रहेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# निर्माणाधीन पूर्वाधारको अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले हेटौंडा-१० मा निर्माण भैरहेको पूर्वाधारको अनुगमन गरेकी छन् ।

१० नम्बर वडा कार्यालयसँगै महिला उद्यमीको उत्पादनलाई बिक्रीका लागि राख्ने गरी निर्माणाधीन कोशेली घर, राप्तिरोडबाट बसपार्कतर्फ जाने सडक र बाइपास सडकको अनुगमन तथा निरीक्षण गरेकी हुन् । प्रदेश सरकार र हेटौंडा उपमहानगरको ४५ लाख रुपैयाँ लगानीमा निर्माण भइरहेको कोशेली घर निर्माणलाई गुणस्तरीय ढंगबाट अघि बढाउनेतर्फ ध्यान दिन सुझाव दिइन् ।

राप्तिरोडबाट बसपार्कतर्फ जानका लागि ४९ लाख रुपैयाँको लागतमा निर्माण भैरहेको सडकको काम र ९ लाख रुपैयाँको लागतमा बाईपास सडक मर्मतको कामलाई गुणस्तरीय ढंगबाट चाडै सक्न निमार्ण पक्षलाई निर्देशन दिइन् । अनुगमनका क्रममा १० नम्बर वडाअध्यक्ष फुर्वादोर्जे लामा, वडासचिव राम तिमल्सिना सहितको सभागिता रहेको थियो ।

# कैलाशमा चट्याङले घरमा क्षति

साझाकुरा संवाददाता

हेटौंडा, ३० वैशाख/ मकवानपुरको कैलाशमा चट्याङ लागेर एक घरमा क्षती पुगेको छ भने चैपाया मरेका छन् । आइतबार दिउँसो मकवानपुरको कैलाश-१ जलेकुमा मेघ गर्जनसहित परेको चट्याङ्ले स्थानीय फूलबहादुर थिङको ढुङ्गा कच्चीघरमा क्षती पुगेको जनाइएको छ । चट्याङले निज थिङको घरमा जडान गरिएको मिटर बक्स, घरको पछाडिको जगमा क्षती भएको र निजको छिमेकी रामबहादुर गोलेको गोठमा रहेको बाख्राको मृत्यु भएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिएका छन् । चट्याङ्ले मानवीय क्षती नभएको जनाइएको छ ।

Education is the real treasure

**ADMISSIONS OPEN FOR 2081**
**From Nursery to Grade 9**



**Scholarships**
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats

Hurry Up !
Seats are limited
Book your seat on time

**HETAUDA ACADEMY**
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# निशानामा हेटौंडा अस्पताल

२०२२ सालमा स्थापना भएको हेटौंडा अस्पतालले हजारौं लाखौं नागरिकको ज्यान बचाएको छ । पूर्वपश्चिम राजमार्गमा बेलाबेलामा हुने ठूला दुर्घटनामा समेत हेटौंडा अस्पतालले कैयौं घाइतेलाई कालको मुखबाट फिर्ता ल्याएको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हेटौंडा अस्पताल गाम्न लागिएको भन्दै मकवानपुरका आठ राजनीतिक दलले विरोध जनाएका छन् । आठ दलका प्रतिनिधिको हस्ताक्षरसहित विज्ञप्ति जारी गर्दै बागमती प्रदेश सरकारले अस्पताल प्रतिष्ठानमा गाम्नका लागि अगाडि बढाएको प्रक्रिया रोक्न माग गरेका हुन् । संघीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक यात्रामा देश अघि बढिरहेको अवस्थामा प्रदेश सरकारको कार्यशैलीको बिरोध गरिएको हो । संघीयताको अभ्यास गरिर हँदा यसलाई संस्थागत गर्ने भन्दा पनि ईतिहास मेटाउने खतरा बढेको दलहरुको ठम्याइ रहेको देखिन्छ । प्रदेश सरकारको संघीयता बिरोधी गतिबिधि अमान्य हुने र आन्दोलनमा उत्रनेसम्मको चेतावनी दिइएको छ ।

सरकारमा रहेका र सरकार बाहिर रहेका दलले संयुक्त विज्ञप्ती जारी गरी प्रदेश सरकार निर्माणअन्तर्गत बागमती प्रदेश सरकार निर्माण हामी सबैको उपलब्धी र सपना पनि हो भनिएको छ । यो एक गम्भीर प्रकृतिको अभ्यासमा प्रदेश सरकार लागिरहेको सरकारमै रहेका र सरकार बाहिर रहेका दललाई पनि अस्वीकार्य रहेको चेतावनी आएको छ । मकवानपुरका जनताको अमूल्य निधिको रुपमा रहेका हेटौंडा अस्पताललाई नामेट पार्ने काम प्रदेश सरकारबाट भइरहेकाले यसको हामी समर्थन गर्न सक्दैनौं' भनिएको छ । यतिमात्र होइन, यदि यो प्रक्रिया तत्काल नरोकिए मकवानपुरका राजनीतिक दल सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिइएको छ । प्रतिष्ठान स्थापना गरेर प्रदेश र मकवानपुरको विकासमा योगदान दिने कामको स्वागत गर्दै हेटौंडा अस्पतालाई प्रतिष्ठानमा गाभ्ने प्रक्रिया तत्काल बन्द नगरे सडक र प्रदेशसभामा समेत आन्दोलनको कार्यक्रम सञ्चालन गर्ने चेतावनी दिइएको छ । बागमती प्रदेश सरकार गठनपछि प्रदेश राजधानी, पूर्वाधार विकास, प्रदेश गौरव आयोजनाले बागमती प्रदेशले विकासमा फड्को मारेको भएपनि यो पछिल्लो कदम आत्मघाती देखिएको छ । विज्ञप्तीमा बागमती प्रदेश सरकारले स्थापना गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौंडामै एमबिबिएससम्मको पढाइको तयारी गरेर भौतिक पूर्वाधार निर्माण गरिरहेको छ ।

तर, पछिल्लो समय विकसित घटनाक्रमप्रति दलको ध्यानाकर्षण भएको जनाइएको छ । प्रतिष्ठानको आफ्नै भौतिक पूर्वाधार तयार नभएसम्मका लागि हेटौंडा अस्पताललाई प्रयोगशालाका रुपमा लिइने भनेर गरिएको सहमतिमा एकाएक हेटौंडा अस्पताल प्रतिष्ठानलाई नै सम्पूर्ण सम्पत्ति र स्वामित्व हस्तान्तरण गर्नेगरी प्रदेश सरकारले स्वास्थ्य मन्त्रालयमार्फत् आरम्भ गरेको प्रक्रियाले राज्यको ठूलो सम्पत्ति, आफ्नै अस्तित्व र गरिमा रहेको र दैनिक २ हजार भन्दा बढी नागरिकले उपचारसेवा पाइरहेको हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्ने र अस्तित्व नै नामेट पार्ने गरी भइरहेको गतिविधिले सबैको ध्यानाकर्षण भएको बताइएको छ । हेटौंडा अस्पतालको अस्तित्व नमेटाउन आग्रह गरेको दलहरुको अस्पतालमोह धेरै पहिले देखिनु जरुरी थियो । जतिबेला कमल थापाले क्षेत्रीय अस्पताल बनाउन पहल गरेका थिए । ढिलै भएपनि दलहरुको आँखाको पट्टी खुलेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ १ गते मंगलबार १४ मे २०२४ । षष्ठी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१७, सूर्यास्त ६:४४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आनन्दको महसुस हुनेछ | **तुला** | : प्रेममा विवाद आउनसक्नेछ |
| **वृष** | : मन चञ्चल हुनेछ | **वृश्चिक** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : मान-सम्मान बढ्नेछ | **धनु** | : हाँसखेलमा दिन जानेछ |
| **कर्कट** | : धन लाभ हुनेछ | **मकर** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **सिंह** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **कुम्भ** | : रमाइलो यात्राको योग परेको छ |
| **कन्या** | : नबोली बस्दा राम्रो हुनेछ | **मीन** | : मन प्रसन्न रहनेछ |

# राष्ट्रिय बालअधिकार परिषद्को लाजलाग्दो भूमिका



✍ बालकृष्ण मैनाली

बालबालिकाको भविष्यको लागि विगतदेखि थुप्रै व्यक्तित्वले आ-आफ्नो क्षेत्रबाट योगदान प्रदान गर्दै आइरहेको बारे प्राय: जनजन जानकार छन् । त्यति बेला संविधानमा बालअधिकारका धाराहरु समावेश गर्नेदेखि लिएर बालबालिकासम्बन्धी गहकिलो कानुन निर्माण गर्न गरिएका पहलहरु निकै उत्साहजनक थिए । कानुनले परिकल्पना गरेको बालअदालत र बालइजलाससम्बन्धी व्यवस्था र त्यसले खेल्ने भूमिकाबारे राखिएका कुराहरु कम महत्वका थिएनन् ।

वर्तमानमा पचहत्तर जिल्ला हाल सतहत्तर जिल्लाका जिल्ला अदालतहरुमा स्थापना भएका छुट्टाछुट्टै बालइजलासहरुले कानुनको सम्पर्कमा आएका बालबालिकाको लागि खेलेको भूमिका पक्कै पनि सराहनीय छ । बालबालिका नै भए पनि बालबालिकाको परिभाषाभित्र पारी बालअदालत वा बालइजलासमा मुद्दा लैजान सम्बन्धित सरोकारवालाहरुलाई केही असहज भए तापनि विगतका र वर्तमानका बालबालिका सम्बन्धी कानुनहरु र बालइजलासले खेल्दै आएका भूमिका कम महत्वका थिएनन् र छैनन् ।

त्यसै गरी कुलत तथा जान-अन्जानमा हुन गएका अपराधप्रति बोध गराई भविष्यमा राम्रो व्यक्ति बन्न र बनाउन स्थापना गरिएका बालसुधार गृहहरुको सरकारी तवरबाट स्थापना गरिन पुग्नु पनि कम महत्वको विषय थिएन । त्यति बेला बालबालिका रहेका व्यक्तिहरु अहिले युवामा परिणत भएर बालअधिकारकै क्षेत्रमा लागिपरेको समाचारहरु कहिलेकाहीँ सार्वजनिक हुँदा अहिलेसम्म पनि लागिपरिरहेका बालअधिकार वादीदेखि पुराना बालअधिकारवादीहरुसम्म आफूलाई गौरवबोध गर्ने गर्दछन् । मात्र समयअनुसारको नीति-नियम निर्माण र व्यवस्थापनमा सुधार ल्याउने हो भने यसको स्तर वृद्धि हुन जानेमा शंका छैन ।

यता केही समयदेखि बालअधिकारको संरक्षणमा लागिपर्न स्थापना भएका राज्यस्तरका केही निकायहरुको गैरजिम्मेवारीपनले गर्दा बालअधिकारको संरक्षणमा बाधा उत्पन्न हुन पुगेको छ । हुन त देशमा बालअधिकारको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु बग्रेल्ती छन्, उसमाथि पनि विदेशी गैरसरकारी संघसंस्थाहरुको उल्लेख्य उपस्थिति देखिएको छ । सरकारी बजेट छुट्टै छ ।

स्थानीय सरकारहरुले स्थानीय बालबालिकालाई प्राथमिकतामा राखेका छन् । तैपनि बालबालिकाको दयनीय अवस्थामा सुधार आउन सकेको देखिँदैन । विगतमा सिर्जित विभिन्न परिघटनाहरुले पनि मानवीय संवेदनामाथि अमानवीय प्रहार कुन हदसम्म हुँदो रहेछ र गरिँदो रहेछ भन्ने कुराको उजागर नभएको होइन तर विडम्बना त्यस्ता कुराहरु न्यूनीकरण हुँदै जानुको सट्टा बढोत्तरी हुँदै गइरहेको देखिन्छ, जुन चिन्ताको विषय हुन पुगेको छ । कहिले स्कूलमा अध्ययनरत विभिन्न कक्षाका बालबालिकाले सामान्य त्रुटि वा गृहकार्य नगरेको आरोपमा यातना भोग्नुपरिरहेको छ ।

कहिले बालबालिकाको लागि सुधार केन्द्र बन्नुपर्ने बालसुधारगृहहरु अपराध सिकाउने अखडा बन्दै गइरहेको समाचार सार्वजनिक हुन पुग्छ त कहिले विद्यार्थीले राम्रो शिक्षक सरुवा वा हटाइएको सम्बन्धमा विरोध गर्दा रिस पोख्न कक्षाकोठामा थुनेर पिट्नसम्म पिटिइन्छ । बालबालिकासँग सम्बन्धित कुनै पनि विषयलाई लिएर राज्य गम्भीर हुनै पर्दछ । किनकि वर्तमानमा राज्य बालबालिकाप्रति गम्भीर हुन सकेन भने देशले प्रगति हासिल गर्न सक्दैन । आजका बालबालिकाहरु नै भोलिका देशका संवाहक हुन् । राज्यले बालअधिकार महासन्धिलाई अनुमोदन गरेको दशकौं बितिसकेको छ ।

विभिन्न कालखण्डमा संसोधन भएको संविधान होस् वा बालबालिकासम्बन्धी कानुन होस्, व्यापकरुपमा परिमार्जन भएका त छन् तर त्यसको प्रयोगमा कतै-कतै कन्जुस्याइँ हुन पुगेको हो कि भन्ने भान पर्न गएको छ । बेलाबेलामा बालबालिकाविरुद्ध भइरहने यस्ता किसिमका कार्यहरु रोकिन त परै जाओस्, न्यूनीकरणसम्म पनि हुन नसकेको अनुभूति जनजनमा पलाउन थालेको छ ।

वर्तमान संविधानको धारा ३९ को उपधारा (७) ले बालबालिकामा हुने वा हुन सक्ने यातनाविरुद्धको हकलाई सुनिश्चितता प्रदान गरेको छ अर्थात् धारा ३९ को उपधारा (७) मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनी व्यवस्था भएको छ र यदि भएमा प्रचलित कानुनबमोजिम पीडकबाट कानुनबमोजिम क्षतिपूर्तिसमेत भराइदिनुपर्ने संवैधानिक अधिकार प्रत्येक बालबालिकालाई प्राप्त छ । सार्वजनिक भएको विद्यार्थी बालबालिकाविरुद्धको यातनालाई दृष्टिगत गर्दा पीडकलाई बालबालिकासम्बन्धी ऐनमा भएको क्षतिपूर्ति र सजायको व्यवस्थाभन्दा पनि यदि अन्य प्रचलित कानुनले त्योभन्दा बढी क्षतिपूर्ति र आरोपितलाई सजाय हुने व्यवस्था भए सो अनुसार नै राज्य अगाडि बढ्नुपर्दछ । होइन बालबालिकासम्बन्धी कानुनभन्दा अन्य प्रचलित कानुनमा बढी सजायको व्यवस्था रहेनछ भने मात्र वर्तमान बालबालिकासम्बन्धी ऐनलाई नै आधार मानेर अगाडि बढ्नु उपयुक्त देखिन्छ ।

वर्तमान बालबालिकासम्बन्धी ऐनको दफा ६६ को उपदफा (२) को खण्ड (झ) अनुसार पीडकलाई कार्यवाही चलाउन सकिने व्यवस्था भएको देखिन्छ । यस किसिमको अमानवीय कार्यमा संलग्न जोसुकै भए पनि कम्तीमा पनि पीडकलाई यो ऐनको दफाअनुसार कार्यवाही भई यसै ऐनको दफा ७२ को उपदफा (३) को खण्ड (घ) बमोजिम सजायको मागदाबी हुनुपर्ने र सोही ऐनको दफा ७३ को उपदफा (१) बमोजिम क्षतिपूर्ति भराइनुपर्ने प्राय: जानकारहरुको धारणा छ । त्यति मात्र होइन, बालबालिकासम्बन्धी ऐनको दफा ७३ को उपदफा (१) मा कसुरदारबाट जरि वानाको रकम असुल हुन नसक्ने अवस्थामा वा बालबालिकाविरुद्धको कसुरको तुलनामा न्यून वा अपर्याप्त देखिएमा बालकोषबाट समेत मनासिब माफिकको क्षतिपूर्ति भराइदिने प्रावधान रहेको छ ।

ऐनको दफा ७२ को उपदफा (३) को खण्ड (घ) बमोजिम सजाय माग दाबी गर्दा कसुरदार ठहरिएको अवस्थामा कसुरदारलाई एक लाख रुपियाँसम्म जरिवाना र पाँच वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ भने क्षतिपूर्तिको हकमा ऐनको दफा ७३ को उपदफा (१) बमोजिम कसुरदारलाई भएको जरिवानाको रकमभन्दा कम नहुने गरी पीडित बालबालिकाको शिक्षा शारीरिक तथा मानसिक स्वास्थ्य, विकास र परिवारमा पुगेको हानिलाई विचार गरी क्षतिपूर्ति तोक्न सक्ने स्वविवेकीय अधिकारसमेत बालअदालतलाई प्रदान गरेको देखिन्छ । यस अर्थमा अपराधको गाम्भीर्यतालाई ध्यानमा राखेर यदि बालबालिकासम्बन्धी कानुनले तोकेभन्दा अन्य कानुनको प्रयोगले कसुरदारलाई सजाय कम हुने रहेछ भने कम्तीमा यो ऐनको प्रयोग गरी पीडित बालबालिका र तिनीहरुका अभिभावकहरुलाई न्याय प्रदान गर्न सकिन्छ ।

विद्यालयका शिक्षक-शिक्षिकाहरुबाट बेलाबेलामा विद्यार्थी बालबालिकाले कुनै न कुनै नाममा गृहकार्य नगरेको नाउँमा होस्, शिक्षक-शिक्षिकाहरुले भनेको कुरा नमानेको नाउँमा होस्, स्कूल समयमा नआउँदा होस् अथवा अनुशासन पालन गराउने नाउँमा होस्, बालबालिकालाई अमानवीय यातना दिएका विषयहरु निरन्तर सार्वजनिक भइरहेका छन् । बालबालिकाको लागि स्वयं अभिभावकलगायत राज्यको लागि पनि यी र यस्ता समाचारहरु शुभ होइनन् । विगतमा घटेका यस किसिमका परिघटनाहरुबाट प्रत्येक शिक्षक-शिक्षिकाहरु, अभिभावकहरु र राज्यसमेतले गम्भीररुपमा पाठ सिकेर विद्यार्थी बालबालिकालाई मार्गदर्शन गर्ने सवालमा आफूलाई एउटा बालअधिकार संरक्षकको रुपमा उभिएर आफ्नो भूमिका निभाउनु उपयुक्त अभिप्रेरित गरेको हुनुपर्दछ भन्ने जनजनको ठम्याइ छ ।

बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्थाहरुको संख्या समाजकल्याण परिषद्मा कति संख्यामा आबद्ध छन् ? कति जिल्ला प्रशासन कार्यालयमा मात्र आबद्ध छन् ? कति दुवै निकायमा आबद्ध छन् ? अथवा कति संख्या कुनै पनि निकायमा आबद्ध छैनन् ? अथवा कति संस्थाहरु कानुनीरुपमा वा खर्च धान्न नसकेर स्वत: खारेजीमा परेका छन् ? भन्ने विषयमा राज्यसँग यसको कुनै सही तथ्यांक छैन ।

संस्थाको सही अनुगमन गर्ने निकाय समाजकल्याण परिषद्लाई लगभग पंगु अवस्थामा पुऱ्याइएको छ । उद्देश्य बालबालिकाको संरक्षण गर्ने भनेर यो वा त्यो नाउँमा संस्था आफैं बालबालिकाको किनबेचमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा संलग्न भएका समाचारहरु बारम्बार सार्वजनिक भइरहेका छन् । तैपनि बालबालिकाको सरोकारप्रति राजनीतिक व्यवसायीहरुको आँखा खुल्न सकेको छैन । दलीय निकट संस्थाहरु सामाजिक संस्थाको नाउँमा करोडौं र अर्बौंको परियोजनामा ब्रह्मलुट मच्चाउँछन् । दलबाट टाढा रहेका संस्थाहरुचाहिँ लाख वा हजारको परियोजना त परै जाओस्, मन्त्रालयले मागेको एउटा परियोजनामा वडा सिफारिस दस्तुर तिर्न नसकेर ट्वाँ परी हेर्न विवश छन् । यथार्थता यही हो ।

बालगृहले गैरकानुनीरुपमा देशभित्रै र पाएसम्म देशबाहिर पनि बालबालिकाको नाउँमा ठगी र ठग्ने व्यवसाय नै चलाउन थालेको तथ्य धेरै अगाडिदेखि सार्वजनिक हुँदै आएको छ र त्यसको निरन्तरता वर्तमानमा पनि जारी नै छ । राम्रो लाउने, खाने र पढाइदिने नाउँमा बाबुआमा तथा अभिभावक भएका बालबालिकाले पनि एकातिर असह्य दु:ख भोग्नुपरेको छ, अर्कोतिर ती बालबालिकाका अभिभावकले आफ्नो जायजेथा बेचेर हुन्छ कि, ऋण लिएर हुन्छ कि, आफ्ना छोराछोरीको भविष्य राम्रो हुन्छ भनेर गैरकानुनीरुपमा लगानी गरेका लाखौं रुपियाँ अनायासमा गुम्न पुगेका छन् । विगतदेखि वर्तमानसम्म सार्वजनिक भइरहेका बालबालिका सम्बन्धी यस्ता किसिमका समाचारले उच्च प्रतिशतमा प्रतिनिधित्व गरिरहेका छन् ।

यस्तो हुनुको प्रमुख कारण भनेको सम्बन्धित सरोकारवालाहरुको फितलो अनुगमन हो भने स्थानीय सरकारहरुबाट जानअन्जानमा हुन जाने मनलाग्दी सिफारिस पनि हो । नि:स्वार्थ अर्थात् बालबालिकाको स्वार्थलाई ध्यानमा राखेर पटके अनुगमनलाई स्थापित गराउने र सम्बन्धित स्थानीय निकायहरुबाट मनलाग्दी सिफारिस मात्र नगर्ने हो भने पनि धेरै प्रतिशतसम्म यो जोखिमलाई नियन्त्रण गर्न सकिन्छ । तर विडम्बना, बालगृहलाई स्वच्छ बनाउने र गलत मनसायबाट प्रेरित भएर बालगृहहरु खोल्न खोजेमा त्यसमा रोक लगाउनुपर्ने राष्ट्रिय बालअधिकार परिषद् आफैं जथाभावी बालगृह खोल्न अनुमति दिई त्यसबापत रकम असुली गर्नेतिर लाग्न पुगेको समाचारले देशको शिर झुक्न पुगेको छ ।

राष्ट्रिय बालअधिकार परिषद्ले अनुगमन भन्दै आफ्नो परिवारका सदस्यहरु भेट्न जाने, परिषद्मा आफन्तहरुको नियुक्ति, बालगृहहरुबाट असुली उठाउने कार्यमा लागि परेको भन्ने विषयहरु समेटेर अख्तियारमा उजुरी परेको कुरासमेत बाहिरिएको छ । अख्तियारले सम्बन्धित निकायमा चाँडोभन्दा चाँडो हस्तक्षेप गरी वास्तवमा के-कस्तो भएको हो र के-के विकृतिहरु समावेश हुन पुगेका छन् ? सत्यतथ्य पत्ता लगाई दोषी पाइएमा दोषीउपर कडा कानुनी कार्यवाही थालिनुपर्ने जनजनको मत रहेको छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# छलछामको गुजुल्टो अर्थात् सत्ता

✍ गोविन्द अधिकारी

"ओहो ! कस्तो जेलिएको जाल हामी बुन्छौं जब पहिलोपटक धोखा दिने प्रयत्न गर्छौं"

*- सर वाल्टर स्कट*

बजेट अधिवेशनको पहिलो दिन नै संसद् चल्न पाएन । सहकारी ठगीमा गृहमन्त्री र वि लामिछानेको संलग्नताको छानबिनका लागि संसदीय समिति गठनको मागमा विपक्षी दल नेपाली कांग्रेसले अघिल्लो अधिवेशनका बैठकहरू पनि चल्न दिएको थिएन । यस अधिवेशनमा त झन् सत्ताबाहिर रहेका अरू दल पनि संसदीय समितिको मागमा सामेल हुन पुगेका छन् । विशेषगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सहकारी ठगीका विरुद्ध बढी मुखर भएको छ । आृनै दलकी सांसद मुछिएको मुद्दामा समेत निष्पक्ष छानबिनको माग गरेर गृहमन्त्री लामिछानेलाई चुनौती दिएको राप्रपा प्रतिनिधि सभामा पनि आक्रामक शैलीमा प्रस्तुत भएको देखियो ।

त्यसो त सत्तारुढ गठबन्धनमा पनि कार्यकर्ता तहमा रवि लामिछानेका लागि काँध थाप्नु महँगो पर्ने डर बढ्दै गएको देखिन्छ । जनमानसमा बिस्तारै सत्तारुढ सबै दलका नेता सहकारी ठगीमा संलग्न त छैनन् भन्ने सन्देह बढ्दै गएको छ । स्थानीय तहका र जनतासँग प्रत्यक्ष सम्बन्ध भएका नेताहरूले जनताको यो आवाज सुनेको हुनुपर्छ । यसैले उनीहरू क्रमश: सहकारी ठगीको संसदीय छानबिन हुन दिनुपर्छ भन्न थालेका छन् । नेतृत्वको दोस्रो वा तेस्रो तहले लामिछानेको भारी गह्रुंगो हुँदैगएको थाहा पाएजस्तो छ । यसैले उनीहरूले बिस्तारै सहकारी ठगीको छानबिन हुनुपर्छ भन्न थालेका छन् ।

भै गो त, समिति पनि बनाऊ बोल्न पनि देऊ !

गृहमन्त्री रवि लामिछाने स्वयंले पनि आृनो निर्वाचन क्षेत्रमा पुगेर सहकारी ठगीको छानबिन गर्न समिति गठन गरे हुन्छ भनेको समाचार सार्वजनिक भएको छ । आफूलाई संसद्मा बोल्न दिए समिति गठन गर्दा आपत्ति नहुने उनको धारणा हो भने सम्भवत: छिटै नै यो मामिला टुंगो लाग्ला । पहिले समिति गठन गर्ने कि लामिछानेलाई बोल्न दिने भन्ने विवाद झिकेर 'फुल पहिले कि चल्ला' भने झैं त नगर्लान् नि सत्ता र विपक्षका नेताले ! यसलाई दुवै पक्षले प्रतिष्ठाको प्रश्न नबनाई सल्लाहमै सल्टाए संसद् पनि चल्नेछ र सरकारका महत्वपूर्ण कामकार बाही पनि रोकिनेछैन ।

### किन उत्तर्सिए ओली ?

सहकारी ठगीका मामिलामा निसानामा रवि लामिछाने परे पनि छानबिन समिति गठन नगर्ने पक्षमा मूलत: नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद ओली अग्रपङ्क्तिमा उभिएका छन् । त्यसो त अहिलेको सरकार पनि उनैले चलाउँछन् भन्छन् सत्तासँग नजिक भएकाहरू ।

सहकारी ठगीको जाँचका लागि एमाले अध्यक्ष किन तयार भएनन् त ? सहकारी संस्थाहरूमा एमाले नेता कार्यकर्ताको संलग्नता अरू दलका सदस्यको भन्दा निकै धेरै रहेको मानिन्छ । वित्तीय संस्था घोटालामा एमाले नेता कार्यकर्ताको संलग्नता एलसी काण्डभन्दा पनि पहिलेदेखिकै हो ।

अहिले पनि निष्पक्ष जाँच भए अपेक्षाकृत एमालेका नेता कार्यकर्ता नै संलग्न भेटिन सक्छन् । त्यसो त अरू दलका नेता कार्यकर्ता पनि पक्कै चोखा छैनन् । साँच्चै निष्पक्ष छानबिन भयो भने रास्वपाका अनुपातमा अरू दलकै नेता कार्यकर्ता धेरै कारबाहीको दायरामा पर्नेछन् ।

### पत्याइहाल्न अलि गाह्रो !

नेपाली कांग्रेसले सहकारी ठगीमा छानबिन गर्नुपर्ने मागमा देखाएको अडानलाई जनताले सराहना नै गरेका छन् । सत्ता वा अरू कुनै सौदाबाजीमा सहकारी ठगी छानबिनको मामिला बेवारेस नहोस् । तर, सत्ताका लागि सिद्धान्तसँग त सम्झौता गर्न नहिचकिचाउने शेरबहादुर देउवा नेतृत्वको कांग्रेसले लामो समयसम्म अडान लेला भनेर पत्याइहाल्न भने सकिँदैन ।

नेपाली कांग्रेसलगायत अहिले सहकारी ठगीमा रवि लामिछानेको संलग्नताको छानबिनको माग गर्ने विपक्षी नेताहरू देश र जनताप्रति गम्भीर पनि होलान् भनेर विश्वास गर्ने आधार छैन । अन्तत: ठगिएका जनताले भाग्यलाई सरापेर चित्त बुझाउन बाध्य हुने जोखिम नै बढी देखिन्छ ।

### किन हुँदैन संसद्मा "कुकुल्यान्ड" र "सुनवाला पुनहरू"को चर्चा ?

नेपालका राजनीतिक नेताहरू देश र जनताप्रति इमानदार हुन्थे भने सहकारी ठगीमा जस्तै प्रश्न बेलायती लेखक पत्रकार टम बर्गिसको पुस्तक 'कुकुल्यान्ड : ह्वेर द रिच ओन द ट्रुथ'ले उजागर गरेको नेपालसँग सम्बन्धित अध्याय ७ को 'मिस्टर एक्सवाई' मा वर्णन गरिएको विषय पनि उठ्थ्यो होला । यसैगरी 'सुनसँग जोडिएका पुन'हरूका विषयमा पनि कांग्रेसहरू बोल्थे होलान् । विपक्षी सांसदहरू कसैले पनि कुकुल्यान्डको चर्चै नसुनेका र त्यसको नायक को हो भन्ने नबुझेका पक्कै होइन होला नि !

### पाकिस्तानी ठगीको कथा

पहिलो जनआन्दोलनपछिकै कुरा हो । म राष्ट्रिय जनसंख्या आयोगमा काम गर्थें । जनसंख्या सूचना, शिक्षा तथा सञ्चार विषयमा एउटा दक्षिण एसियाली गोष्ठी हुनेभयो संयुक्त राष्ट्र जनसंख्या कार्यक्रम (युएनएफपीए) नेपालको आयोजनामा । नेपालको तर्फबाट म पनि सहभागी थिएँ । पाकिस्तानमा बेनजिर भुट्टोको सरकार थियो ।

नेपालमा आर्थिक उदारीकरणको चर्चा बढी नै हुन्थ्यो त्यतिबेला । आर्थिक उदारीकरणलाई 'रामवाण' नै शासकहरू देशको अर्थतन्त्रमा सुधारका लागि । पाकिस्तानी सहकर्मी सिन्धी थिए भन्ने सम्झन्छु उनको नाम बिर्सें । उनले भने आर्थिक उदारीकरण जनता ठग्ने अर्को औजार हुनसक्छ है भने । हामी धुलीखेल घुम्न गएका बेला उनीसँग सोधें - किन तिमीले उदारीकरणप्रति अविश्वास गरेको ?

उनले भने - पाकिस्तानमा महबुब उल हक अर्थमन्त्री हुँदा सन् १९८५ मै आर्थिक उदारीकरण सुरु भयो । पहिले गरिएका सुधार मध्ये निजी क्षेत्रलाई वित्तीय संस्था खोल्न र बचत तथा ऋण परिचालन गर्न दिनु पनि थियो । पाकिस्तानको अर्थतन्त्र २२ वटा सामन्त परिवारको कब्जामा छ । तिनैले बैंक पनि खोले । जनतालाई बढी ब्याजको लोभ देखाएर बचत संकलन गरे । अनि परिवारकै उद्योग व्यापारमा ऋण लगानी गरे । लगानी गरिएका अधिकांश उद्योग व्यवसाय डुबेको प्रतिवेदन बनाए र टाट पल्टेको घोषणा गरे । ऋण डुब्यो । जनता ठगिए । नेपालमा पनि त्यस्तै होला है ! सहकारी ठगीको मामिलाले ती सिन्धी मित्रको कथन सम्झायो ।

र अन्त्यमा

'तिलको पहाड' अर्थात् डा. चिरञ्जीवी नेपालको अभिव्यक्ति

भारतले नेपालको जमिन मिचेको छ । त्यसरी मिचिएको भूभागमा बन्दुक लिएर कब्जा गर्न जान नसके पनि हामीले आृनो दाबी छाड्न हुँदैन । तर, यसो भन्दैमा शासकहरूलाई अप्ठेरो पर्नेबित्तिकै जनताको ध्यान बर्गलाउन बेला न कुबेला त्यही जमिनको कुरा झिकेर भारतलाई जिस्क्याउनु भने मूर्खता हो । अहिले पनि त्यही मूर्खता गरिएको छ यो 'चुचे नक्सा' नोटमा छाप्ने प्रसङ्गमा ।

पञ्चायतकालमा पनि देशभित्र कुनै असन्तोष वा आन्दोलन देखिन थाल्यो भने शासकहरूको 'राष्ट्रवाद' एक्कासी जाग्थ्यो । कुनै बेला अहिलेको कालापानीजस्तै राष्ट्रवादको वायु सुस्तामा चढ्थ्यो । सरकार र त्यसका मतियारहरू उग्र भारत विरोधी प्रचारवाजीमा लाग्थे । कसैले त्यसको सान्दर्भिकता र औचित्यमा प्रश्न उठायो भने उसलाई 'अराष्ट्रिय तत्त्व' को बिल्ला भिराइहाल्थे । चुच्चे नक्सा नोटमा छाप्नुको औचित्यका बारेमा नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. चिरञ्जीवी नेपालले प्रश्न उठाउनेबित्तिकै पञ्चहरूले जस्तै तर्कहीन हप्कीदप्कीमा शासकहरू उत्रेका छन् । संयोगले डा. नेपाल राष्ट्रपतिका सल्लाहकार पनि रहेछन् । यसैले सत्तारुढ गठबन्धनका सूत्रधार खड्गप्रसाद ओलीले विवादमा राष्ट्रपतिलाई पनि तान्नेगरी रडाको मच्चाउने प्रयत्न गरेका हुनुपर्छ ।

अहिले नेपालको नोटमा चुच्चे नक्सा छाप्दा भारतलाई जिस्क्याउनेबाहेक अरू उपलब्धि केही हुने देखिँदैन । उता चुनावको बेला छ । यताका भन्दा उताका पनि दलगत फाइदाका लागि राष्ट्रहितलाई बेवास्ता गर्नमा कम छैनन् । नाकाबन्दीका नायक भारतीय विदेशमन्त्री एस. जयशंकरको टिप्पणीमा गौर गर्ने हो भने यही नेपालका लागि प्रत्युत्पादक नै हुने जोखिम बढाएको छ । अब पशुपतिनाथले नै सबैको कल्याण गरून् !

*(साभार: बाह्रखरी)*

# उपेन्द्रले मधेश सरकार पनि जोगाउन सकेनन्



काठमाडौं/मधेश प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) नेपाल नेतृत्वको सरकार जोगाउने उपेन्द्र यादवको अनवरत प्रयत्न लगभग असफल भएको छ । सत्ता गठबन्धनमा रहेका दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रले आइतबार समर्थन फिर्ता लिएसँगै मधेशमा ६ वर्षपछि जसपा नेपाल सरकारबाट बाहिरिने निश्चित भएको छ ।

एमाले र माओवादी केन्द्रले मधेश सरकारबाट बाहिरिनुअघि नयाँ समीकरण बनाउने सहमति गरिसकेकाले अब मधेश प्रदेश सरकारको नेतृत्व जसपा नेपालको हातमा रहने सम्भावना न्यून छ । नयाँ सरकार गठनका लागि प्रदेशसभामा बहुमत पुग्ने करिब निश्चित भएपछि एमाले र माओवादी केन्द्रका मन्त्रीहरूले मुख्यमन्त्री सरोजकुमार यादवलाई राजीनामा बुझाएका थिए भने त्यसपछि समर्थन फिर्ताको जानकारी प्रदेश प्रमुखको कार्यालयलाई गराएका थिए ।

माओवादी मधेश प्रदेशसभा संसदीय दलका नेता भरत प्रसाद साहका अनुसार यादव नेतृत्वको जसपा नेपाल विभाजन भएकै दिनदेखि सरकारलाई समर्थन फिर्ता लिने गृहकार्य सुरु भएको थियो । 'जसपा विभाजन भएकै दिनदेखि प्रदेश सरकारलाई दिएको सरकार समर्थन फिर्ताका विषयमा गृहकार्य सुरु भएको थयो । आइतबार आएर त्यसले अन्तिम रूप लिएको मात्रै हो', साहले संचारकर्मीसँग भने ।

नयाँ सरकार गठनका लागि एमाले र माओवादी केन्द्रसँगै यसअघि सत्ता बाहिर रहेका सीके राउत नेतृत्वको जनमत पार्टी र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सहित चार दलबीच सहमति जुटेको छ ।

यद्यपि, अहिलेसम्म सरकारको नेतृत्व कसले गर्ने भन्ने टुंगो लागिसकेको छैन । छलफलमा सहभागी एक सांसदका अनुसार 'एमाले वा माओवादीमध्ये एक दलले नयाँ सरकारको नेतृत्व गर्ने र त्यसका लागि पछि सहमति जुटाउनेमा उनीहरू एकमत छन् ।'

तर जनमत पार्टीले भने मुख्यमन्त्री नपाएसम्म सरकारमा नजाने अडान राखेको छ । प्रवक्ता शरद सिंहले भने, 'सरकारमा त हामी यसअघि पनि थियौं । हामीले रोजेकै शिक्षा र कृषि मन्त्रालय पाएका थियौं, मन्त्रीमात्रै भएर काम गर्न सकिँदो रहनेछ भन्ने देखियो । त्यसैले अब मुख्यमन्त्री हामीले पाउन पर्छ भन्ने हाम्रो बटमलाइन हो ।'

मधेश प्रदेशसभाका १०६ सदस्यमध्ये नेकपा एमालेसँग सभामुखसहित २४, जनमतसँग १३, माओवादी केन्द्रसँग ९ र लोसपासँग ८ सिट छ । यसले सरकारको लागि आवश्यक बहुमत पुग्छ । केन्द्रमा विभाजन भएको जसपा नेपालको मधेशमा आशोक राई नेतृत्वमा सांसदहरु खुल्न बाँकी छ ।

एक हप्ताअघि मात्रै पार्टी विभाजन भोगेका उपेन्द्र यादवका लागि मधेशको सरकार हातबाट गुम्नुले अर्को झट्का लागेको छ ।

आफू विदेश भ्रमणमा रहेका बेला राई नेतृत्वको समूहले पार्टी विभाजन गरेपछि अध्यक्ष यादव सत्तारुढ दलहरू एमाले र माओवादीसँग असन्तुष्ट थिए । उनले सार्वजनिक मञ्चबाटै मधेशको मुद्दा, संघीयता लगायत मुद्दालाई कमजोर पार्ने उद्देश्यले पहिल्यैदेखि षड्यन्त्र हुँदै आएको प्रतिक्रिया दिएका थिए ।

'सोही षड्यन्त्र स्वरुप अतृप्त आत्माहरुलाई प्रयोग गरेर जसपा नेपालमाथि मात्रै नभई मधेशमाथि प्रहार गरिएको हो', यादवले पार्टी विभाजनपछि आयोजना गरेको पत्रकार सम्मेलनमा भनेका थिए, 'यहाँबाट भागेकाहरु उतैबाट फुटेर आएका थिए, त्यहीँ गएका छन् ।' यादवले पार्टी विभाजन गरेका राईतर्फ संकेत गर्दै एमालेबाट फुटेर आएको र उतै जानसक्ने बताएका थिए ।

यादवको आशंकालाई बल पुग्ने गरी एमाले अध्यक्ष केपी शर्मा ओलीले समेत सरकार ढाल्ने षड्यन्त्र भएपछि त्यसलाई असफल पार्न जसपा नेपाल विभाजन भएको बताएका थिए ।

'अस्थिरता ल्याउने प्रयासलाई असफल पार्नको लागि एउटा पार्टी विभाजन भएको छ', ओलीले पार्टी संसदीय दलको बैठकलाई सम्बोधन गर्ने क्रममा भनेका थिए, 'उहाँहरूको अभिव्यक्ति सुन्नुभयो होला । यो समीकरण ढाल्न लागेकाहरूसँग हामी सहमत हुन नसकेपछि विभाजन गऱ्यौं भनिराख्नुभएको छ ।'

जसपा नेपाल विभाजन भएपछि राई नेतृत्वको पार्टी जसपा पनि संघीय सरकारमै छ । आफूमाथि सरकार ढाल्ने षड्यन्त्र गरेको आरोप लगाएर विभाजन भएको दलसँग एउटै सरकारमा र हन अप्ठेरो परेको भन्दै यादव प्रधानमन्त्री प्रचण्डसँग असन्तुष्टि व्यक्त गरिरहेका थिए । यादवले आइतबार बिहान मात्रै प्रधानमन्त्रीसँगको भेटमा सरकार छाड्ने र आफूमाथि भएको षड्यन्त्रविरुद्ध अदालत जाने चेतावनी दिएका थिए ।

'उहाँले अहिले सँगै जाने परिस्थिति छैन, म पार्टी विभाजनमा भएको षड्यन्त्रविरुद्ध अदालतमा जान्छु भन्नुभयो', प्रधानमन्त्री निकट स्रोतले भन्यो, 'परिस्थितिको बारेमा कुरा राख्ने सिलसिला चल्यो । उहाँले अब सरकार छाड्नुहुन्छ भन्ने बुझेका छौं ।'

प्रधानमन्त्री निकट स्रोतका अनुसार यादवले प्रचण्ड सरकारलाई दिएको समर्थन फिर्ता लिने संकेत गरेपछि एमाले र माओवादीले मधेश प्रदेशमा जसपा नेपाललाई दिएको समर्थन फिर्ता लिने निष्कर्षमा पुगेका हुन् । यद्यपि, यसअघि नै यादवलाई सरकारबाट हटाउने योजनामा एमाले र माओवादी रहेको नेताहरूको भनाइ छ ।

मधेशमा आजै सरकार नछाडे जसपा नेपाल नेतृत्वकै सरकारले बजेट ल्याउन सक्ने र प्रदेशमा सांसदहरू नवगठित जसपामा नखुल्ने सम्भावना देखेपछि आन्तरिक गृहकार्य गरी एमाले र माओवादीले सरकार छाडेको स्रोतको दावी छ ।

निर्वाचन आयोगले मंगलबार सूचना जारी गर्दै प्रदेश सभा सदस्य र स्थानीय तहका जनप्रतिनिधिलाई आगामी १३ जेठभित्र आफू आबद्ध हुन चाहेको दलको पक्षमा सनाखत गर्न भनेको थियो । मधेश प्रदेशमा एमाले र माओवादीले सरकार छाडेपछि उपप्रधानमन्त्री यादवले पनि संघीय सरकार छाड्ने र समर्थन फिर्ता लिने तयारी गरेका छन् । त्यसका लागि आइतबार आकस्मिक बैठक बसे पनि जसपा नेपाल निर्णयमा पुग्न सकेन । पार्टी प्रवक्ता मनिष सुमनका अनुसार आइतबार बस्ने केन्द्रीय कार्यकारिणी बैठकले यस विषयमा निर्णय गर्नेछ ।

### निरन्तर जोगाइरहेको मधेश यसपटक फुस्कियो

संघीयता र मधेशको पक्षमा बलियो आवाज बनेका उपेन्द्रको शक्ति पछिल्लो समय सत्ताकै कारण लगातार ओरालो लाग्दै छ । संविधान निर्माणपछि भएको पहिलो चुनाव २०७४ पछि निरन्तर मधेश प्रदेशको सरकारमा रहेको उपेन्द्रको पार्टीले अन्ततः त्यहाँको सरकार पनि गुमाउनु परेको छ ।

पहिलो संविधानसभा २०६४ मा उपेन्द्र नेतृत्वको मधेशी जनअधिकार फोरम ५४ सिटसहित चौथो ठूलो शक्ति बनेको थियो । तर संविधानसभाले संविधान बनाउने काम अगाडि नबढ्दै उपेन्द्रको पार्टीभित्र कलह देखियो । सत्ताकै कारण पार्टीभित्र देखिएको कलह र विभाजनको असर २०७० को दोस्रो संविधानसभा चुनावमा पऱ्यो ।

दोस्रो संविधानसभा चुनावमा उपेन्द्रको पार्टी जम्मा १० सिटमा (त्यसबेला ६०१ सदस्यीय संविधानसभा थियो) खुम्चियो । ६ वर्षभित्रै यति ठूलो पराजय निरन्तर सत्ता परिवर्तन र त्यसले निम्त्याएको संकट थियो ।

जबकी त्यही संविधान सभाले २०७२ मा संविधान जारी गऱ्यो । तर दोस्रो संविधानसभाको चुनावदेखि संविधान जारी हुँदासम्म सत्तामा नगई बाहिर सडक आन्दोलन चलाउँदा उपेन्द्रको पार्टी बलियो देखियो । त्यही बीचमा एमालेबाट विद्रोह गरेका अशोक राईसँग एकता गरेर संघीय समाजवादी फोरम बन्यो । अरु मधेश केन्द्रित साना दलहरुबीच एकता भएर २०७४ को चुनावकै मुखमा राष्ट्रिय जनता पार्टी (राजपा) बन्यो । चुनावमा समाजवादी फोरम र राजपाबीच गठबन्धन भयो ।

यो गठबन्धनले मधेशका ८ जिल्लाका ३२ निर्वाचन क्षेत्रमध्ये १९ सिट जित्यो । उपेन्द्रको पार्टी १७ सिटको बनेको थियो भने राजपा पनि समान सांसद सहितको पार्टी बनेको थियो । मधेश प्रदेशको सरकार पनि संघीय समाजवादी फोरम र राजपाले मिलेर बनाए । त्यही शक्तिको जगमा प्रदेशसभामा मतदान गरेरै प्रदेशको नाम मधेश राख्न सफल भयो ।

माओवादी छोडेका बाबुराम भट्टराईले पनि २०७४ को चुनावपछि उपेन्द्रसँग एकता गरे । तर फेरि पनि उपेन्द्र सत्तामा गए । संघको सरकारमा गएकै कारण संघीयता कार्यान्यनको पहिलो चरणमा मधेश प्रदेशको नेतृत्व गर्ने अवसर उपेन्द्र नेतृत्वको तत्कालीन संघीय समाजवादी फोरमले प्राप्त गऱ्यो । तर तत्कालीन प्रधानमन्त्री केपी ओलीले २०७७ वैशाखमा उपेन्द्रकै पार्टी फुटाउने गरी अध्यादेश ल्याइदिए । उपेन्द्रले चलाखीपूर्वक अर्को दल राजपासँग एकता गरेर जसपा नेपाल बनाएर फेरि पनि मधेश प्रदेशको सरकार आफ्नो पोल्टामा पार्न सफल भए ।

तर त्यसको आठ महिना पछि ७ पुस २०७७ मा तत्कालीन नेकपा विभाजन हुँदा जसपा नेपाल पनि जोगिन सकेन । तत्कालीन राजपा पक्षका नेताहरुले ओलीलाई साथ दिँदा जसपा नेपाल फुट्यो । पार्टी विभाजन गर्ने महन्थ ठाकुर र राजेन्द्र महतोहरुले लोकतान्त्रिक समाजवादी पार्टी बनाए ।

ओलीले विघटन गरेको प्रतिनिधिसभा २०७८ साउनमा पुनर्स्थापित हुँदा प्रधानमन्त्री बनेका शेरबहादुर देउवाको सरकारमा पनि उपेन्द्रको पार्टी सहभागी भयो । तर २०७९ मंसिरको आमचुनाव नआउँदै उपेन्द्रको पार्टी फेरि फुट्यो ।

शक्ति बाँडफाँटमा कुरा नमिलेपछि बाबुराम भट्टराईले महिन्द्र राय यादव सहित नेता लिएर नेपाल समाजवादी पार्टी (नेसपा) बनाए । त्यसपछि २०७९ को चुनावमा उपेन्द्रले कांग्रेस नेतृत्वको गठबन्धन छोडेर एमालेसँग चुनावी सहकार्य गरे । अर्को शक्ति राजपा कांग्रेस नेतृत्वकै गठबन्धनमा रह्यो । त्यतिबेला पनि मधेश प्रदेशको सरकार उपेन्द्रकै जसपा नेपालको हातमा रहिरहयो ।

तर चुनावमा उपेन्द्रले सप्तरी-२ बाट सीके राउतसँग पराजय बेहोरे । उनको पार्टी १२ सिटको बन्यो । चुनावको परिणाम आएपछि केन्द्रमा माओवादी र कांग्रेसबीच सरकारको नेतृत्व गर्ने विषयमा सहमति जुट्न सकेन । माओवादीले कांग्रेसलाई छाडेर एमालेसँग मिल्यो । चुनावी गठबन्धन टुटेर १० पुस २०७९ मा नयाँ सरकार गठन भयो । त्यसमा उपेन्द्र पनि समेटिए र मधेस प्रदेशको नेतृत्व फेरि पनि जसपा नेपालले पायो ।

त्यसको एक महिनापछि माओवादीले गठबन्धन फेरेर पुन: कांग्रेससँग मिल्यो । उपेन्द्र पनि कांग्रेस र माओवादीकै गठबन्धनमा उभिए । एमालेसँग माओवादी गठबन्धन हुँदा मधेश सरकारको नेतृत्व पाएको जसपा नेपालले कांग्रेससँग गठबन्धन हुँदा पनि त्यसको निरन्तरता पायो ।

त्यतिबेला अरु प्रदेश सरकारको नेतृत्व भागबण्डामा हेर फेर भयो, तर मधेशको मात्रै भएन । माओवादीले कर्णाली र बागमती प्रदेशको नेतृत्वमा निरन्तरता पायो । एमालेको भागमा परेका सुदूरपश्चिम, लुम्बिनी, गण्डकी र कोशी प्रदेशको नेतृत्व कांग्रेसले पायो । तर मधेश सरकारको नेतृत्व यथावत रह्यो । जबकी मधेशमा जसपाको भन्दा धेरै सिट भएर पनि नेपाली कांग्रेस जसपा नेपाललाई नेतृत्व दिन तयार भएको थियो ।

त्यसबीचमा उपेन्द्रको संसद छिर्ने लोभले जसपा नेपालका तत्कालीन महासचिव रामसहायप्रसाद यादव उपराष्ट्रपति बने । उपराष्ट्रपति बनेका यादवले चुनाव जितेको बारा-२ बाट उपेन्द्र उपचुनावमा उम्मेदवार बने र संसदमा पुगे ।

गत २१ फागुनमा माओवादीले पुन: सत्ता समीकरण बदलेर एमालेसँग फर्कियो । उपचुनाव जितेका उपेन्द्र पनि फेरिएको सत्ता समीकरणबाट उपप्रधानमन्त्री एवं स्वास्थ्यमन्त्री बने । तर त्यसको दुई महिना नबित्दै पहिले उनको पार्टी विभाजन भयो र त्यसको एक हप्ता नबित्दै विगत ६ वर्षदेखि निरन्तर नेतृत्व गरिरहेको मधेश प्रदेश सरकारको नेतृत्वसमेत गुम्ने अवस्थामा पुग्यो ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म साइन गरेको पैसा फ्रिजमा राख्थे आर्यन



काठमाडौं/कुनै बेला करिअरको उत्कर्षमा थिए, आर्यन सिग्देल । डेब्यु फिल्म 'किस्मत'ले किस्मत बदलेपछि उनी करिब एक दशक लभस्टोरी फिल्ममा निर्विकल्प बने । उनलाई लिन मेकरहरु महिनौं कुर्थे । उनको लाइनअपमा दर्जनौं फिल्म हुन्थे । त्यसबेला सबैभन्दा महंगा अभिनेता समेत कहलिएका थिए । चलेका अभिनेताहरु ३/४ लाख पारिश्रमिकमा सीमित हुँदा उनले ६ लाखसम्म बुझ्ने गरेका थिए ।

त्यसबेला पैसा बैंकमा राख्दा सुरक्षित हुन्छ भन्ने चेतना कलाकारमा पनि खासै थिएन । प्राय:ले घरमै राख्थे । आर्यनले भने अचम्मको ठाउँमा पैसा राख्ने गरेका रहेछन् । उनले घरको दराजमा नभइ फ्रिजभित्र लाखौं पैसा राख्ने गरेका थिए । यसको खुलासा उनले हालै एक अन्तर्वार्तामा गरेका हुन् । आफू विन्दास स्वभावको भएकाले पैसाको सुरक्षाका लागि फ्रिजमा राख्ने गरेको आर्यनले स्मरण गरे ।

उनले भने- 'त्यसबेला मलाई बैंकिङको बारेमा थाहा थिएन । धेरैपछि बैंकमा खाता खोलेको हुँ । फिल्म साइन गरेको पैसा लिए पनि म विन्दास खालको मान्छे थिएँ । उस्तै परे म घरको ढोका पनि नलगाई हिँड्थें । चोर्ने मान्छेले दराजमा हेर्ला, बेड पल्टाएर हेर्ला तर 'डिफ्रिज'मा त हेर्दैन भनेर त्यसरी राख्ने गर्थें ।' उनले धेरै फिल्मका निर्मातालाई फ्रिजबाटै निकालेर पैसा फिर्ता गरेको पनि सम्झिए ।

कुनै समय आफूले सम्बन्ध र पैसाका लागि फिल्म गरेको पनि उनी निर्धक्क स्वीकार्छन् । 'मैले सम्बन्धको आधारमा धेरै फिल्म गरेँ । त्योबेला अहिले जस्तो 'च्वाइसेस' थिएन । मैले झुर फिल्मबाट छानेर ठिकै लाग्ने फिल्म गर्थें,' आर्यनले भने, 'मैले केही फिल्म पैसाका लागि गरें । मान्छे बाँच्नु पनि हुनुपऱ्यो नि त ! फ्रिज रित्तिँदै गएपछि त्यो भर्नुपऱ्यो । अनि यो ठिकै फिल्म छ भन्ने भएपछि काम गर्थें ।'

यतिबेला आर्यनको करिअर सन्तुलित छैन । विगत ७/८ वर्षयता उनका कुनै फिल्म सफल भएका छैनन् । अब उनलाई ठूलो आशा भनेको आगामी जेठ १० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'पूजार सार्की'प्रति छ । यसमा उनले फरक चरित्रमा काम गरेका छन् । यो फिल्मले व्यावसायिक सफलता प्राप्त गरेको अवस्थामा आर्यनको करिअर एकपटक फेरि लयमा फर्किन सक्ने देखिन्छ ।

# दयाहाङ र मिरुना स्टारर 'घरज्वाइँ' टिजर रिलिज



काठमाडौं/अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरले लगातार फिल्ममा काम गरि रहेका छन् । अघिल्लो वर्ष मात्र उनीहरुको तीनवटा फिल्म 'जारी', 'नाङ्गो गाउँ' र रंगेली' रिलिज भए । यतिबेला यो जोडीको 'मनसरा' हलमा प्रदर्शनरत छ । अब आगामी असार २८ गतेबाट उनीहरुको अर्को नयाँ फिल्म 'घर ज्वाइँ' प्रदर्शनमा आउने तयारीमा छ । आइतबार यो फिल्मको टिजर सार्वजनिक गरियो ।

१ मिनेट ५७ सेकेण्ड लम्बाईको टिजरले दयाहाङ र मिरुनाबीचको सम्बन्धलाई देखाएको छ । शिक्षण पेशामा आबद्ध दयाहाङको पात्रले मिरुनालाई मन पराउँछ । जब बिहेको कुरा गर्न ऊ मिरुनाको घर जान्छ, तब मिरुनाका पिता (शिशिर बाङ्गदेल)ले घरज्वाइँ बस्नुपर्ने सर्त अगाडि सार्छन्, जुन स्वीकार्न ऊ तयार छैन । फिल्मले घरज्वाइँ संस्कृतिको कथालाई उठाएको टिजरले छनक दिन्छ ।

अनिल बुढा मगरको निर्देशनमा बनेको फिल्ममा बुद्धि तामाङ, पुष्कर गुरुङ, भोलाराज सापकोटा, कविता आले, शिला आले, राज थापा, खड्कबहादुर पुन (खबपु), अनु थापा, विना थापा मगर, सोनाम लामा, विवेश बुढा मगर, सुनिल मगरको पनि अभिनय छ । जनक घर्ती मगरको निर्माण रहेको फिल्मलाई सुशन प्रजापतिले छायांकन गरेका हुन् । पूर्वी रुकुम जिल्लामा फिल्म खिचिएको हो ।

जिएम मुभीज र एबीएम सिनेमा प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मको कथा निर्देशक मगर स्वयंले लेखेका हुन् । पटकथा तथा संवाद लेखनमा भने उनलाई विनोद खतिवडा र सुभाष कोइरालाले सघाएका छन् ।

हर्क साउद र राम अविरल विष्टको शब्द रचना तथा मनोज थापा र एसडी योगीको संगीत रहेको फिल्मलाई नेपालमा वितरण गर्ने अधिकार आरआर फिल्म्सले लिएको छ ।

# 'रावायण'को गीतमा सोनू कक्कडदेखि नाकाश अजिजसम्मको स्वर




काठमाडौं/विगत १५ दिनदेखि तराईको लालबन्दीमा छायांकन भइरहेको फिल्म 'रावायण'का लागि तीनवटा गीत भारतमा तयार पारिएको छ । र, ती गीतहरुमा भारतकै स्थापित गायक/गायिकाले स्वर दिएका छन् ।

फिल्मको शीर्ष गीतमा गायक नाकाश अजिजको स्वर छ । उनले 'सेल्फी ले ले रे', 'अफगान जलेबी', 'सारी के फाल सा', 'नाँच मेरी जान', 'केटी को' लगायत चर्चित गीतहरु गाइसकेका छन् ।

फिल्मको रोमान्टिक गीत भने गायक कुणाल गाञ्जावालाले गाएका छन् । उनको स्वरमा र हेका 'भीगे होठ तेरे', 'दुपट्टा तेरा', 'यारको मेने', 'काल धमाल', 'सलामे', 'मौला मौला', 'झलक दिखला जा' जस्ता गीत चर्चित मानिन्छन् । आइटम गीतमा भने सोनू कक्कडको स्वर छ । उनका 'बाबु जी जरा धिरे चलो', 'ब्लू थिम', 'लण्डन ठुमकदा', 'कर मुण्ड्या', 'हर रात तेरी' जस्ता गीतहरु लोकप्रिय छन् ।

फिल्मको तीनवटै गीतमा भारतीय संगीतकार रेवन सिंह र निरज सिंहले संगीत भरेका छन् । चर्चित भारतीय गायक तथा संगीतकार कैलाश खेरको स्टुडियोमा गीतको रेकर्डिङ गरिएको हो । फिल्मका निर्देशक सुदर्शन थापाले नेपालमा संगीत तयार पारेर भारतमा गीत रेकर्ड गर्ने प्रचलन भए पनि आफूले सबै काम भारतमै गरेको बताए । यसले संगीतको गुणस्तर उत्कृष्ट हुने उनको विश्वास छ ।

यो फिल्ममा पल शाह र पूजा शर्मा मुख्य भूमिका छन् । 'म यस्तो गीत गाउँछु'को दुई सिरिजपछि उनीहरुबीच यो तेस्रो सहकार्य हो । 'रावायण'मा प्रियंका कार्की, प्रमोद अग्रहरी, निकिता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदीप ढकाल लगायतको पनि अभिनय छ । आगामी भदौ २१ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्ममा सौरभ लामाको छायांकन छ ।

# अतिक्रमित जग्गा फिर्ता ल्याउन त्रिविले माग्यो सरकारको सहयोग

काठमाडौं/त्रिभुवन विश्वविद्यालयले आफ्नो अतिक्रमित जग्गा फिर्ता ल्याउन सरकारसँग सहयोग माग गरेको छ । आइतबार प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिमा उपस्थित त्रिभुवन विश्व विद्यालयका रजिष्ट्रार प्रा.डा.केदार रिजालले त्रिविको जग्गा सरकारकै कतिपय निकायले भोगचलन गरिरहेकाले फिर्ता ल्याउन सरकारको सहयोग चाहिने बताए ।

'सानोतिनो प्रयासले, त्रिभुवन विश्वविद्यालयको मात्रै अहिलेको स्रोत, साधन र पावरले यो कुरा समाधान हुन सक्दैन । त्यसैले त्रिविको तर्फबाट के अनुरोध छ भने नेपाल सरकारको उच्चस्तरीय जसरी बालुवाटारमा भयो त्यस्तै हेर्दिनुभयो भने 'यस्ता संरचनाहरु छन् जुन नीतिगत रुपमा यहाँहरुले हेर्दिनुभएन भने यो संरक्षण हुन सक्दैन', रजिस्ट्रार रिजालले भने ।

उनका अनुसार निजी क्षेत्रले मात्र नभएर नेपाल सरकारका विभिन्न निकायहरूले त्रिविको जग्गा भोगचलन गरिरहेका छन् । गणतन्त्र स्मारकको नाममा ६० रोपनी, वीपी कोइराला विज्ञान संग्रहालयले १५० रोपनी, कृषि मन्त्रालय अन्तर्गतको समशीतोष्ण बागवानी केन्द्रले २८१ रोपनी जमिन उपयोग गरिरहेको रजिष्ट्रा रिजालले जानकारी दिए ।

काठमाडौंको कीर्तिपुरमा मात्र त्रिविको तीन हजार ३०७ रोपनीमध्ये करिब एक हजार रोपनी जग्गा अतिक्रमणमा परेको त्रिविको सामान्य प्रशासन महाशाखाले जनाएको छ । २०७४ सालमा प्रा.अनुपकुमार श्रेष्ठको संयोजकत्वमा बनेको त्रिविको जग्गा पहिचान तथा मूल्यांकन समितिको प्रतिवेदन अनुसार प्रमाण भएका एक करोड ४७ लाख ८८ हजार ७५२ वर्गमिटर त्रिविको अधिनमा रहेको छ । त्यसमध्ये पूर्ण स्वामित्व भएको एक करोड ३१ लाख ३६ हजार ९३१ दशमलब ५३ वर्गमिटर छ ।

रजिष्ट्रार रिजालले चन्द्रागिरि नगरपालिकास्थित कलंकी-थानकोट सडक खण्डको नैकाप नयाँगाउँ भञ्ज्याङ क्षेत्रको १२५ रोपनी जग्गा त्रिविको नाममा ल्याउन मुश्किल रहेको बताएका छन् ।

सर्वोच्च अदालतले २०७५ भदौमा जग्गाको मालिक त्रिवि नै रहेको ठहर गरेको छरु। तर राजनीतिक हस्तक्षेपले त्रिविको नाममा ल्याउन मुश्किल रहेको उनले बताए । 'सर्वोच्चले पनि त्यो जग्गा टीयूकै हो भनेको छ तर अहिले त्यहाँ राजनीतिक हस्तक्षेप छ, अहिलेको त्रिविको संरचनाले त्यो जग्गा ल्याउन चाँहि तोबा तोबा छ', रजिस्ट्रार रिजालले भने ।

बालुवाटारस्थित ललिता निवासको जग्गा अतिक्रमण भएको विषय छानबिनका लागि सरकारले समिति गठन गरेजस्तै त्रिविको जग्गा छानबिनका लागि पनि समिति बनाउनुपर्ने रिजालले बताए । 'त्रिविका पहिला भएका पदाधिकारी हुन् अथवा कर्मचारी हुन् । हामी संलग्न छौं भने हामी कठघरामा उभिन तयार छौं भनेर एउटा स्वतन्त्र रुपमा समिति गठन गरिदिएर त्रिभुवन विश्वविद्यालयको मातहतमा आउँछ भने हामी तयार छौं', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# पानी परेपछि काठमाडौंको वायुको गुणस्तरमा सुधार

काठमाडौं/काठमाडौं उपत्यका वायु प्रदूषणको हिसाबले आज विश्वकै ५० औं स्थानमा सूचीकृत भएको छ । यही वैशाख २० गते विश्वको पहिलो प्रदूषित सहरको रुपमा सूचीकृत भएकोमा वर्षाले वायु प्रदूषण न्यूनीकरण भएर आइतबार भने ५० औं नम्बरमा पुगेको हो ।

'एयर क्वालिटी इन्डेक्स' को आजको तथ्याङ्क अनुसार समग्र वायुगुणस्तर सूचकाङ्क (एक्यूआई) ५६ रहेको छ । गत वैशाख २० गते भने एक सय ६२ पुगेको थियो । केही दिनयता परेको वर्षासँगै वन डढेलो पनि नियन्त्रण भएको तथा वायुमण्डलमा रहेको धुलोको कण नियन्त्रण भएकाले वायु प्रदूषण पनि कम भएको हो ।

डढेलोविद् सुन्दर शर्माले डढेलो नियन्त्रण भएमा वायु प्रदूषण पनि कम हुने बताए । 'अहिले वर्षासँगै वन डढेलो पनि नियन्त्रण भएकाले वायु प्रदूषण न्यूनीकरण भएको छ',उनले भने । विपत् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार ० देखि एक्युआई ५० राम्रो अर्थात हरियो सङ्केतले चिनिन्छ ।

'५१ देखि १०० सम्मको एक्युआइलाई होसियार रहौं अथवा पहेँलो सङ्केतले चिनिन्छ । यसैगरी १०१ देखि १५० सम्मलाई अस्वस्थ जसमा स्वाशप्रस्वास र मुटु रोगीका बिरामीलाई असर गर्छ भन्ने बुझिन्छ', उनले भने, '१५१ देखि २०० सम्मको एक्युआइलाई पनि अस्वस्थ तर सबैलाई असर गर्छ भन्ने बुझिन्छ । २०१ देखि ३०० सयलाई धेरै अस्वस्थको रुपमा लिइन्छ र ३०१ देखि चार सयसम्मलाई खतरनाक र ४०१ देखि ४५० लाई धेरै खतरा मानिएको छ ।'

काठमाडौं उपत्यकाको लागि वायुगुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआई को मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्को रुपमा लिइन्छ । यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहर बाल्न रोक्ने, सडक सफा गर्न ब्रमुर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गरिने कार्ययोजनामा उल्लेख छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ‘विपिको अदालतमा बयान’ नामक कृति सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ हेटौंडामा विपिको अदालतमा बयान नामक कृति सार्वजनिकीकरण गरिनुका साथै दलभित्रको मूल्यांकन अभ्यास र नेतृत्वमा दिशाबोध विषयक विचारप्रवाह गरिएको छ ।

सामाजिक लोकतन्त्र अध्ययन केन्द्रका अध्यक्ष कृष्णप्रसाद दाहालको सभाध्यक्षता तथा नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाको प्रमुख आतिथ्यता रहेको थियो । केन्द्रले एकसाथ सातजना व्यक्तित्वलाई सम्मान गरेको छ । आइतबार एक कार्यक्रमबीच केन्द्रले सम्मान गरेको हो । केन्द्रको दोस्रो जिल्ला अधिवेशन तथा चौथो साधारणसभाको अवसर पारेर विभिन्न क्षेत्रका व्यक्तित्वलाई सम्मान गरेको हो ।

सम्मानितमा राजनीतिकज्ञ दीपक मल्ल र अधिवक्ता कृष्णप्रसाद न्यौपानेलाई प्रजातन्त्र सेनानी सम्मान २०८१ बाट सम्मान गरिएको छ । यसैगरी, सामाजिक सम्मान २०८१ बाट अधिवक्ता केशवप्रसाद काफ्ले, साहित्यरत्न वीपि सम्मान २०८१ बाट देवराज खरेल, दीर्घलेखन सम्मान २०८१ बाट राजबाबु पहाडी, मानवअधिकार सम्मान २०८१ बाट अप्सरा बस्नेत र नारीरत्न साहित्य सम्मान २०८१ बाट मञ्जु खराल दाहाललाई सम्मानित गरिएको थियो ।

कार्यक्रममा कृतिमाथी अधिवक्ता कृष्णप्रसाद भण्डारी र सुवासचन्द्र अधिकारीले सहजीकरण गरेका थिए । संविधानसभा सदस्य प्रह्लाद लामिछाने, नेपाली कांग्रेस मकवानपुरका पूर्वसभापति रघुरमण न्यौपाने, युवा नेता आनन्दराम पराजुली, नेकपा एमालेका नेता इन्द्र नेपाललगायतले आफ्ना भनाई राखेका थिए ।

सम्मानित हुनेको तर्फबाट वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्ले र अप्सरा बस्नेतले आफ्नो भनाई राखेकी थिइन् । मकवानपुरमा विभिन्न क्षेत्रका सामाजिक संघसंस्थाका प्रतिनिधिको कार्यक्रममा सहभागिता रहेको थियो ।

# बागमतीमा किसानलाई करिब दुई करोड राहत वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ३० वैशाख/ बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ मा २० जान किसानलाई झण्डै दुई करोड राहत रकम दिएको छ । माग गरिएको भन्दा थोरै किसानले मात्रै राहत पाएका हुन् ।



प्रदेश सरकारले हालसम्म १ करोड ९१ लाख ७६ हजार १६० रुपैयाँ राहत वितरण गरेको छ । चालु आर्थिक वर्षमा ४४ लाख ४५ हजार ४४० रुपैयाँ र गत आर्थिक वर्षमा १ करोड ४७ लाख ३० हजार ७२० रुपैयाँ रकम वितरण गरेको हो । जसबाट जम्मा ४८ जनाले राहत पाएका छन् । अघिल्लो वर्ष २८ जनाले र चालु आर्थिक वर्षको हालसम्म २० जनाले क्षति वापतको राहत पाएका हुन् ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चालु आर्थिक वर्षको लागि कृषकका लागि राहत प्रदान गर्न ५ करोड विनियोजन गरेको थियो । जसमा ४४ लाख ४५ हजार ४४० वितरण भएको छ । विनियोजित बजेटको ४ करोड ५५ लाख ५४ हजार ५६० रुपैयाँ बाँकी हुँदा निर्णय गर्न बाँकी फाइल ३३१ वटा छन् ।

सातसय वटा बोयर प्रजातिका बाख्रा पालेका गोबिन्द सुवेदीको फर्मबाट आर्थिक वर्ष २०७९/८० मा बोयर प्रजातिका बाख्राका ११३ वटा पाठा मरेकोमा प्रदेश सरकारले प्रतिगोटा १ हजारको दरले १ लाख १३ हजार रुपैयाँ राहत प्रदान गरेको थियो । किसानलाई आफ्नो कामबाट हार मानेर पेशा नै परिवर्तन गर्नुपर्ने अवस्थाबाट बचाएको दाबी गरिए पनि यो धेरै न्यून भएको किसानले गुनासो गरेका छन् ।

# ओलीको निर्णयमा अडियो संसदको गतिरोध

काठमाडौं, ३० वैशाख/ सहकारी अनियमितताबारे छानबिन गर्न समिति गठन गर्ने कि नगर्ने भन्ने विवाद प्रमुख सत्तारुढ घटक नेकपा एमालेमा गएर अड्किएको छ । अहिलेसम्म एमाले अध्यक्ष केपी शर्मा ओली कुनै पनि अवस्थामा समिति गठन गर्न तयार भएका छैनन् । तर प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले भने छानबिन समिति गठन नभए १ जेठको संघीय संसदको संयुक्त बैठकमा राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा नाराबाजी गर्ने चेतावनी दिएको छ ।

सहकारी अनियमिततामा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको संलग्नताबारे छानबिन गर्न संसदीय समितिको माग गर्दै प्रमुख प्रतिपक्षी कांग्रेसले बजेट अधिवेशनको पहिलो दिन २८ वैशाखमा नै संसद अवरुद्ध गरेको थियो ।

कांग्रेस संसदीय दलले गृहमन्त्रीलाई बोल्न दिने निर्णय गरेर पनि त्यो दिन संसद अवरुद्ध हुन पुगेको थियो । एमालेले पेलेर अगाडि बढ्न खोज्दा त्यो अवस्था आएको भन्दै कांग्रेस नेताहरुको शनिबार बसेको कांग्रेस नेताहरुको बैठक संसदको गत्यावरोध अन्त्यका गम्भीर हुन प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गरायो ।

आइतबार बिहान प्रधानमन्त्री प्रचण्ड र कांग्रेस नेताहरुको भेटवार्ता पनि भयो । बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री प्रचण्डले समग्र सहकारी संकटबारे अध्ययन गर्न संसदभित्र वा बाहिर समिति बनाएर निकास खोज्ने आफू तयार रहेको बताए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति समेत रहेका गृहमन्त्री लामिछाने पनि समग्र छानबिनका लागि तयार रहेको उनले कांग्रेस नेताहरुलाई सुनाएका थिए । तर समिति बन्नुअघि संसदमा आफूले एक पटक जवाफ दिन पाउनुपर्ने उनको शर्त थियो ।

२८ गतेकै बैठकमा जवाफ दिन तयार भएकाले कांग्रेस नेताहरुले नाइनास्ती गरेनन् । तर एमाले अध्यक्ष ओली सहमत नभएको भन्दै प्रधानमन्त्रीले भनेका थिए, ‘आजै मेरो उहाँसँग छलफल छ । केही गरी सहमति भएन भने पनि राष्ट्रपतिको पत्र पढ्दा जस्तै नीति कार्यक्रम बढ्दा छाडिदिनुपर्छ ।’

प्रचण्डलाई सुनेपछि कांग्रेस नेताहरु (प्रधानमन्त्री र गृहमन्त्रीले) भोलिसम्म लागि एमाले अध्यक्ष ओलीलाई पनि समिति गठनका लागि मनाउने विश्वासका साथ कांग्रेस नेताहरु बालुवाटारबाट निस्किएका थिए । तर दिउँसो सिंहदरबारमा सभामुखले बोलाएको पाँच दलको बैठकमा पुग्दा कांग्रेस नेताहरु झस्किएका छन् । सभामुख देवराज घिमिरेले सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा प्रमुख पाँच राजनीतिक दलका प्रमुख सचेतकलाई बोलाएका थिए । त्यो छलफलमा एमाले प्रमुख सचेतक महेश बर्तौलाले सरकार (प्रधानमन्त्री) तयार भएपनि संसदीय समिति बन्न नदिने प्रष्ट संकेत गरे ।

‘सरकारले संसदलाई यो समिति बनाऊ, ऊ समिति नबनाऊ भनेर निर्देशित गर्न सक्दैन । यो गम्भीर विषय छ’, बर्तौलाको तर्क छ, ‘संसदीय समिति बन्न सभामुख कन्भिन्स हुनुपर्छ । संसदको काम कारबाहीसँग सम्बन्धित विषय हुनुपर्छ ।’

जवाफमा कांग्रेस प्रमुख सचेतक रमेश लेखकले पनि सहकारी अनियमिततामा गृहमन्त्रीको संलग्नताबारे छानबिन गर्न संसदीय समिति बन्नुपर्ने मागमा आफूहरु अडिग रहेको बताए । नभए संसदमा अवरोध कायमै रहने बताए ।

(स्रोत: अनलाइनखबर)

# मनहरीमा कांग्रेसको अगुवा कार्यकर्ता भेला

साझाकुरा संवाददाता

हेटौंडा, ३० वैशाख/ नेपाली कांग्रेस मनहरी गाउँपालिकाको अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ । भेला आइतवार मनहरीको रजैयास्थित अग्निहोत्रि आश्रममा भएको हो ।

भेला कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौलाको सभाध्यक्षता एवम् कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा भएको हो । भेलामा पार्टी र जनप्रतिनिधि बीच सम्बन्ध, विद्यमान स्थानीय समस्या, गाउँपालिकाले बनाउने बजेट र पार्टीको भावी रणनीतिबारे गाउँपालिका जनप्रतिनिधि र वडा सभापतिहरुले धारणा राखेका थिए । प्रमुख अतिथि एवम् बागमती प्रदेशसभा सदस्य बानियाँले अगुवा कार्यकर्ता र जनप्रतिनिधिले उठाएका समस्या, जिज्ञासा र पार्टीको आगामी रणनीतिबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, जिल्ला अनुशासन समिति संयोजक प्रभातकुमार दाहाल, मकवानपुर प्रतिनिधि सभा २ (ख) का क्षेत्रीय सभापति रञ्जन कालाखेती, महासमिति सदस्यद्वय राजेश भेटवाल र जनकराज उप्रेती, बागमती प्रदेश सदस्य जानुकी लामा, जिल्ला सदस्य चन्द्रप्रसाद न्यौपाने, कमला मैनाली, नवराज खतिवडा, महाधिवेशन प्रतिनिधि शंकर न्यौपाने, लोकतान्त्रिक आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष पदम तितुङलगायतले धारणा राखेका थिए ।

# बागमतीको आर्थिक मन्त्रालयको सल्लाहकारका सुवेदी

साझाकुरा संवाददाता

हेटौंडा, ३० वैशाख/ बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक सल्लाहकारमा डा. कपिलदेव सुवेदी नियुक्त भएका छन् । आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले आर्थिक सल्लाहकारमा सुवेदीलाई नियुक्त गरेका हुन् ।

मन्त्रालयले सुवेदीलाई बौद्धिक सम्पत्तिको रुपमा प्रयोग गर्ने मन्त्री थपलियाले बताएका छन् । अहिले बजेट निर्माणको समय भएकाले मन्त्रालयले सहयोगको अपेक्षा गरेको समेत मन्त्री थपलियाको भनाई थियो । प्राध्यापन पेशामा संलग्न सुवेदी व्यवस्थापन क्षेत्रका समेत जानकार रहेको बताइएको छ । चितवन निवासी सुवेदीबाट प्रदेशलाई अग्रगामी बनाउन कर्मचारीसँग समन्वय गरेर अगाडि बढ्ने मन्त्री



थपलियाले अपेक्षा गरे ।

सल्लाहकार नियुक्ति भएपछि सुवेदीले आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्ने बताए । अवसर पाउँदा खुशी हुनु स्वभाविक रहेको बताउँदै उनले प्राप्त जिम्मेवारीलाई प्रदेशमा आफ्नो क्षेत्रको अनुभवलाई इमान्दारीपूर्वक प्रदेश सरकारको हितमा प्रयोग गर्ने बताए । जनताको अपेक्षा बमोजिम योजना बनाउने र गुणस्तरीय सेवा प्रदान गर्न सहयोग गर्ने उनको भनाई थियो । मन्त्रालयगत कार्यप्रगतिका लागि हातेमालो गर्ने र सकेसम्म समय दिने उनले प्रतिबद्धता व्यक्त गरे ।

# भैरव आधारभूतलाई शैक्षिक सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ रोटरी क्लब अफ मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१ भैर वडाँडास्थित भैरव आधारभूत विद्यालयलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ ।

रोटरी क्लब अफ मकवानपुरको १० औं स्थापना दिवसको अवसरमा आइतबार बिहान एक कार्यक्रमकाबीच शैक्षिक सामग्री हस्तान्तरण गरेको हो । कार्यक्रममा ५० जना विद्यार्थीलाई जोमेट्रिबक्स, कपीकलमलगायत १५ हजार बराबरको शैक्षिक सामग्री हस्तान्तरण गरेको रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष अन्जनी पराजुलीले जानकारी दिए । रोटरी क्लब अफ मकवानपुर का अध्यक्ष पराजुलीको सभाध्यक्षतामा भएको कार्यक्रममा १ नम्बर वडाध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक हुद्दबहादुर दर्लामी, रोट्र्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष राजन कटुवाल, क्लबका पूर्वअध्यक्ष तथा सदस्यहरुको उपस्थिति रहेको थियो ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

**जनहितमा जारी सन्देश !**

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनु पर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगानुपर्ने दादुरा रुवेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पूरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।


खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धी कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा सक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय मकवानपुर**

# मुख्यमन्त्रीका सल्लाहकारको पुस्तक ‘समाजवादी क्रान्तिका दुईचरण’ सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ३० वैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलका राजनीतिक सल्लाहकार डीपी ढकालको नयाँ पुस्तक ‘समाजवादका दुईचरण’ सार्वजनिक भएको छ ।



राजनीतिक नेता तथा अर्थराजनीतिका विज्ञ सर्जक ढकालले नेपालमा समाजवादी क्रान्ति पूरा गर्न दुईचरण पार गर्नुपर्ने निष्कर्षसहित ती दुईचरण के-के हुन् र तीनलाई कसरी पूरा गर्नुपर्छ ? भन्ने तथ्य र तर्कहरु पुस्तकमा पेश गरेका छन् । पुस्तकमा समाजवादका लागि पहिलो चरणमा ‘समाजवादोन्मुख राज्य संरक्षित औद्योगिक पुँजीवाद’ को बाटोमा अघि बढ्नुपर्ने र दोस्रो चरणमा ‘समाजवादमा संक्रमणको महाअभियान आवश्यक हुने’ तर्क प्रस्तुत गरेका छन् ।

पुस्तकमा समाजवादको निर्माण, पुँजीवादी विश्वव्यवस्थाको विकास, समाजवादी अर्थराजनीतिको अन्तर्राष्ट्रिय अनुभव, समाजवादी क्रान्तिका दुईचरण, समाजवादमा संक्रमणको नेपालको मौलिक बाटोलगायतका आठवटा शीर्षकमा तर्क र तथ्यहरु प्रस्तुत गरिएको छ । पुस्तकमा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ढकालले गरेका तर्कलाई बहसको विषय बनाउनु पर्ने टिप्पणी गरेका छन् ।

यस्तै, बागमती प्रदेश नीति तथा योजना आयोगका नरविक्रम थापाले ढकालको पुस्तकमा वर्तमान विश्वको अर्थ राजनीतिक अवस्था, दक्षिण एसिया र नेपालको विगतदेखि वर्तमानसम्मको आर्थिक, राजनीतिक र सामाजिक अवस्थाको बारेमा माक्र्सवादी दृष्टिकोणबाट सटिक व्याख्या तथा विश्लेषण गरिएको टिप्पणी गरे । नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यसमेत रहेका ढकालको यो सातौं कृति हो । ढकालका यसअघि नेपाली क्रान्ति, अग्नियात्रीका सपनाहरु, पर्खालभित्रबाट चियाउँदा राजनीति, कम्युनिस्ट आन्दोलनका बहस, पुँजीवादी र समाजवादी अर्थ राजनीतिक विकासक्रम, समाजवाद र नेपाल जस्ता पुस्तक प्रकाशन भइसकेका छन् ।

# किसानलाई मिनिटिलर, स्प्रेपम्प र कम्बाईन मिल

साझाकुरा संवाददाता

हेटौंडा, ३० वैशाख/ राक्सिराङ गाउँपालिकाले स्थानीय किसानलाई ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरणहरु मिनिटिलर, स्प्रेपम्प र कम्बाईन मिल बितरण गरेको छ ।



आइतबार गाउँपालिका अध्यक्ष रामकुमार मल्ल, उपाध्यक्ष बनस्तम थिङ तथा प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले संयुक्त रुपमा किसानलाई कृषियन्त्र वितरण गरेका हुन् । चालू आर्थिक वर्ष २०८०/८१ को सशर्त कार्यक्रम मकैबाली प्रवर्द्धन र रैथानेबाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत कृषिऔजार वितरण गरिएको कृषि शाखाप्रमुख कृष्ण डुम्रेले जानकारी दिए ।

बालीप्रवर्द्धन कार्यक्रम अन्तर्गत् ५० प्रतिशत अनुदानमा १५ थान मिनिटिलर, ७५ वटा चार्जिङ स्प्रेपम्प र पालिकाको रैथाने बालीप्रवर्द्धन कार्यक्रमअन्तर्गत ७५ प्रतिशत अनुदानमा ११ थान कम्बाईन मिल वितरण गरिएको हो । अध्यक्ष मल्लले परम्परागत तरिकाले गर्दै आइरहेको कृषिप्रणालीलाई अब प्रविधिमैत्री बनाउँदै लैजानुपर्नेमा जोड दिए । उत्पादनमा वृद्धि र जीवनयापनलाई सरल बनाउन पालिकाले कृषियन्त्रमा सहयोग पुर्‍याएको अध्यक्ष मल्लको भनाई छ ।

उपाध्यक्ष थिङले पालिका किसानको पक्षमा सधैं कटिबद्ध भएर उभिने भन्दै आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । पालिकाको ९ वटै वडाको टोल विकास सस्था, सहकारी, समूह र ब्यक्तिगत फर्मलाई अनुदानका कार्यक्रमले समेटिएको छ । १० लाख बजेट मार्फत अनुदानमा मकैको बीउ, विषादि, चार्जिङ स्प्रेपम्प र मिनिटिलर किसानलाई बितरण गरिएको हो ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना